(ख) सुर्तीजन्य वस्तुको उत्पादनको नयाँ ब्राण्ड उत्पादन अनुमतिको लागि रु.१०,०००।-"

८. **खारेज:** मूल नियमावलीको नियम २९ख. खारेज गरिएको छ।

## सूचना ४

## भन्सार (पन्ध्रौं संशोधन) नियमावली, २०८१

भन्सार नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भन्सार ऐन, २०६४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यी नियमहरूको नाम "भन्सार (पन्ध्रौं संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **भन्सार नियमावली, २०६४ को नियम ३४ मा संशोधन:** भन्सार नियमावली, २०६४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३४ को उपनियम (२) मा रहेका "खरिद गरिएका मालवस्तुका" भन्ने शब्दहरुको सट्टा "खरिद गरिएका मालवस्तु वा ऐनको दफा ४७ को उपदफा (५) बमोजिम जफत भएको मालवस्तुको" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल नियमावलीको नियम ३५ मा संशोधन:** मूल नियमावलीको नियम ३५ को उपनियम (१) को खण्ड (ख) मा रहेका "दश वर्ष नाघेका सवारी साधन" भन्ने शब्दहरुको सट्टा "दश वर्ष नाघेका दुईपाङ्ग्रे वा तीनपाङ्ग्रे सवारी साधन र पन्ध्र वर्ष नाघेका चारपाङ्ग्रे वा अन्य सवारी साधन" भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल नियमावलीको नियम ३६ मा संशोधनः** मूल नियमावलीको नियम ३६ को उपनियम (८) मा रहेका "दश वर्ष नाघेका सवारी साधन" भन्ने शव्दहरुको सट्टा "दश वर्ष नाघेका दुईपाङ्ग्रे वा तीनपाङ्ग्रे सवारी साधन र पन्ध्र वर्ष नाघेका चारपाङ्ग्रे वा अन्य सवारी साधन" भन्ने शव्दहरु राखिएका छन्।

५. **मूल नियमावलीको नियम ४७ मा संशोधनः** मूल नियमावलीको नियम ४७ को उपनियम (१) को खण्ड (क) मा रहेका "पन्ध्र प्रतिशत" भन्ने शव्दहरुको सट्टा "दश प्रतिशत" भन्ने शव्दहरु राखी सोही खण्डमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर राष्ट्रसेवक र निजको परिवारको सदस्यले सुराकी बापतको पुरस्कार पाउने छैन।"

**आज्ञाले,**
**डा. राम प्रसाद घिमिरे**
**नेपाल सरकारको सचिव।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रु.१५।-
गो.हु.द.नं. १६।२०६२।६३